बैठक संख्या : ६

आज मिति २०७४।६।२२ गतेका दिन तिलोत्तमा नगरपालिकामा नगर कार्यपालिकाको बैठक नगर प्रमुख श्री बासुदेव घिमिरेको अध्यक्षतामा तपशील बमोजिमको उपस्थितीमा बसी देहायबमोजिमका निर्णयहरु गरियो ।

उपस्थिती

१. नगर कार्यपालिका अध्यक्ष श्री बासुदेव घिमिरे
२. नगरकार्यपालिका सदस्य श्री जगेश्वर देवी चौधरी
३. नगरकार्यपालिका सदस्य श्री तामानाथ पाण्डेय
४. नगरकार्यपालिका सदस्य श्री दधिराम गौतम
५. नगरकार्यपालिका सदस्य श्री टंक प्रसाद तिवारी
६. नगरकार्यपालिका सदस्य श्री दिवाकर ढकाल
७. नगरकार्यपालिका सदस्य श्री चेत नारायण भण्डारी
८. नगरकार्यपालिका सदस्य श्री सुखदेव न्यौपाने
९. नगरकार्यपालिका सदस्य श्री दुर्गाप्रसाद पाण्डे
१०. नगरकार्यपालिका सदस्य श्री कृष्णप्रसाद पौडेल
११. नगरकार्यपालिका सदस्य श्री नारायण न्यौपाने
१२. नगरकार्यपालिका सदस्य श्री व्यास मुन थारु
१३. नगरकार्यपालिका सदस्य श्री मुक्तिनारायण चौधरी थारु
१४. नगरकार्यपालिका सदस्य श्री सहदेव थारु
१५. नगरकार्यपालिका सदस्य श्री गणेश न्यौपाने
१६. नगरकार्यपालिका सदस्य श्री सोहन प्रसाद थारु
१७. नगरकार्यपालिका सदस्य श्री खेमराज गुरुङ्ग
१८. नगरकार्यपालिका सदस्य श्री झविलाल भुसाल
१९. नगरकार्यपालिका सदस्य श्री दान बहादुर चौधरी
२०. नगरकार्यपालिका सदस्य श्री गिता कुमारी सापकोटा
२१. नगरकार्यपालिका सदस्य श्री गायत्री पाण्डे
२२. नगरकार्यपालिका सदस्य श्री संगीता गुरुङ्ग
२३. नगरकार्यपालिका सदस्य श्री राधा शाही
२४. नगरकार्यपालिका सदस्य श्री मिरा कुमारी वि.क.
२५. नगरकार्यपालिका सदस्य श्री लक्ष्मण दमाई नेपाली
२६. नगरकार्यपालिका सदस्य श्री सुरेन्द्र श्री विश्वकर्मा -
२७. नगरकार्यपालिका सदस्य श्री हर्क वहादुर सार्की, रम्तेल
२८. नगरकार्यपालिका सदस्य-सचिव श्री कृष्ण प्रसाद सापकोटा

अन्य उपस्थिती

२९. लेखा अधिकृत श्री राजेन्द्र प्रसाद आर्चाय
३०. प्रशासकीय अधिकृत श्री सीता घिमिरे, भण्डारी
३१. इन्जिनियर प्रदिप वन

प्रस्तावहरु

- परिचय तथा स्वागत सम्बन्धमा ।
- वडा कार्यालय स्थापना सम्वन्धमा ।
- नगर सरसफाई सम्बन्धमा ।
- सडक ग्राभेल सम्बन्धमा ।

निर्णय १

- यस नगरपालिकामा घोराही उपमहानगरपालिकाबाट सरुवा भई आउनु भएका कार्यकारी अधिकृत श्री कृष्णप्रसाद सापकोटालाई नगर कार्यपालिकाको तर्फबाट हार्दिक स्वागत गर्दै उहाँको सफल र पूर्ण कार्यकालको कामना गर्ने निर्णय गरियो । साथै, उहाँले आफ्नो कार्यकालमा नगरपालिकाको संस्थागत विकासका लागि जनप्रतिनिधिहरु, विकासका साझेदार लगायत सबै सरोकारवालाहरुसँग सघन समन्वय गरी कार्यसम्पादन गर्नु हुनेछ भन्ने यो बैठक हार्दिक अपेक्षा गर्दछ ।

निर्णय २

- यस नगरपालिकाका वडा कार्यालयबाट प्रदान गरिने सेवाहरुलाई प्रभावकारी रुपमा प्रवाह गर्नको लागि एकल रुपमा संचालन हुन बाँकी रहेका वडा कार्यालयहरु तत् तत् वडामा आन्तरिक छलफल गरी वडाको केन्द्र तोक्ने । साथै, केन्द्र निर्धारण तथा वडा कार्यालय संचालनका लागि प्रस्ताव पेश गर्दा उपलब्ध भएसम्म नेपाल सरकारका इकाई, सेवाकेन्द्र वा सामुदायिक भवनलाई प्राथमिकता दिने ।उल्लेखित विकल्प नभएमा तत्कालका लागि न्यूनतम २ देखि अधिकतम ४ कोठासम्मको करिब ८ (आठ) देखि १० (दश) हजार रुपैया भित्र रही कार्तिक १ गते देखि संचालन हुने गरी प्रस्ताव पेश गर्ने निर्णय गरियो । साथै, वडा कार्यालयहरु तोकिएको अवधिभित्र संचालन एवं व्यवस्थापन गर्न एवं समग्र अनुगमन एवं आवश्यक निर्देशन दिने जिम्मेवारी नगर उपप्रमुखलाई दिने निर्णय गरियो।

निर्णय नं ३

- यस नगरपालिकामा पूर्ण सरसफाईयुक्त बनाउन र नगरको प्रतिष्ठा अभिवृद्धि गर्नको लागि प्रत्येक महिनाको १ गते र १५ गते सरसफाई अभियान संचालन गर्ने गरी पाक्षीक सरसफाई अभियान संचालन गर्ने निर्यय गरियो ।

निर्णय नं ४

- नगर सभाबाट नगरपालिका भित्रका सडकहरुमा ग्राभेल विछ्याउने कार्यक्रम समयमा सम्पन्न गर्नको लागि सबै वडा समितिको बैठक बसी तोकिएको बजेट सिलिङ्ग भित्र रही प्राथमिकताका आधारमासडकहरु छनौट गरी कार्तिक १ गते भित्र नगरपालिकामा पेश गर्ने । वडा कार्यालयबाट सडकको सूची प्राप्त भएपछि अन्य निर्माण सम्बन्धि कार्यप्रक्रिया नगरपालिकाले तत्काल अगाडि बढाउने निर्णय गरियो।

बासुदेव घिमिरे
नगर प्रमुख